सरुमारानी गाउँपालिका

# बुलेटीन

तेस्रो चौमासिक

अंक २ संवत २०८० साल श्रावण ७ गते

https://sarumaranimun.gov.np

## प्रा.वि तहका शिक्षकहरुलाई सरुमारानी गाउँपालिकाले पदस्थापना तथा स्वागत गरेको छ ।

सरुमारानी गाउँपालिकाले शिक्षक सेवा आयोग बाट सिफारिस भएर आउनु भएका १४ जना प्रा.वि तहका शिक्षकहरुलाई विभिन्न विद्यालयमा पदस्थापना तथा स्वागत कार्यक्रम गरेको छ ।





## व्यक्तिगत घटना दर्ता सप्ताहा कार्यक्रम

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्ध गर्न प्रत्येक वर्ष वैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताह मनाउँदै आएको छ । व्यक्तिको कानूनी पहिचान, राज्यको नीति निर्माण र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीका लागि व्यक्तिगत घटना दर्ता आवश्यक हुन्छ । नेपालले राष्ट्रिय परिचय पत्र तथा घटना दर्ता कार्यक्रम' लाई रुपान्तरणकारी आयोजनाको रुपमा समावेश गरी घटना दर्ताको कार्यलाई आधुनिक, विश्वसनीय र भरपर्दो बनाउन



नेपाल सरकारले जोड दिएको छ । United Nations Economic and Social Commission for Asia and Pacific ले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ताको दशकको रुपमा मनाउने र दशकको अन्त्यसम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रुपमा वृद्धि गर्ने लक्ष्य लिएको




छ । नेपालले सन् २०२४ सम्ममा जन्म र मृत्यु जस्ता व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुयाउने लक्ष्य लिएको छ । सुशासनको आधारभूत सर्तको रुपमा रहेको व्यक्तिगत घटना दर्ताको लक्ष्य हासिल गर्न सबै सरोकारवाला पक्ष र निकायको समन्वय र सहकार्य हुन जरुरी छ । यस सन्दर्भमा नेपाल सरकारको राष्ट्रिय लक्ष्य तथा नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता पूरा गरी आम जनतामा सुशासनको अनुभूति दिलाउन व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई सहज र पहुँचयोग्य बनाउनुपर्ने हुन्छ । यसर्थ सरुमारानी गाउँपालिकाले व्यक्तिगत घटना दर्ता सप्ताहा कार्यक्रम सबै वडामा अनिवार्य रुपमा मनाउने कार्यक्रम बमोजिम सरुमारानी गाउँपालिका प्रत्यक वडामा मिति २०८०-०१-०१ देखि २०८०-०१-०७ गते सम्म यसै गरि नै व्यक्तिगत घटना दर्ता सप्ताह मनाईएको छ ।

## सबै वडामा निःशुल्क आँखा शिविर संचालन

सरुमारानी गाउँपालिकाको आयोजना तथा लमहि आँखा अस्पतालको प्राबिधिक सहयोगमा सरुमारानी गाउँपालिकाका सबै वडाका स्वास्थ्य सेवा केन्द्रमा निःशुल्क आँखा स्वास्थ्य जाँच शिविर कार्यक्रम सम्पन्न गरिएको छ। उक्त स्वास्थ्य शिविरबाट ९६७ जनाको आँखा स्वास्थ्य परीक्षण गरिएकोमा ८७ जनाको मोतिविन्दुको शल्यक्रिया गर्नु पर्ने जाँच भएकोमा २३ देखि ८० उमेर समूहका ४९ जनाको शल्यक्रिया गरिएको र ४४९ जनालाई निःशुल्क चस्मा बितरण समेत गरिएको थियो ।






## गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे (USG) ग्रामिण अल्ट्रासाउन्ड शिविर कार्यक्रम

सरुमारानी गाउँपालिकाको आयोजनामा सम्पूर्ण वडाका सबै आधारभूत स्वास्थ्य सेवा केन्द्रमा गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे (USG) ग्रामिणअल्ट्रासाउन्ड शिविर कार्यक्रम सम्पन्न गरिएको छ । उक्त शिविरबाट १२७ जना गर्भवती आमाहरुले भिडियो एक्सरे (USG) सेवा लिनु भएको साथै उहाँहरुलाई आवश्यक स्वास्थ्य सल्लाह तथा परामर्श समेत प्रदान गरिएको थियो ।






**सरुमारानी गाउँपालिकाको आयोजनामा सबै वडामा बाल अधिकार तथा बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।**



**आ. व. २०७९/०८० को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मकैबाली पकेट विकास कार्यक्रम अनुसार लालीगुराँस कृषि तथा पशुपालन कृषक समूहका कृषक सदस्यहरु लाई मिनीटीलर, मकै पिस्ने चक्की, ज्याब प्लान्टर, तौलिने मेसिन र मकै छोडाउने मेसिन वितरण कार्य सम्पन्न गरिएको छ ।**







## बालविकास सहजकर्ताहरुको क्षमता विकास तालिम

बालविकास सहजकर्ताहरुका क्षमता विकास तालिम आयोजना गरिएको छ । सरुमारानी गाउँपालिकाको आयोजनामा गाउँपालिका अन्तर्गतका बालबिकास सहजकर्ताहरुको लागि ७ दिने मन्टेश्वरी तालिम तथा २ दिने अहिंसात्मक संचार सीप सम्बन्धी कार्यक्रम संचालन गरिएको थियो । उक्त तालिमको सहजीकरण प्रशिक्षक श्री अनिता पाण्डे र श्रीराम तिमिल्सीनाले गर्नुभएको थियो ।





**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत होजियारी सम्बन्धी एक महिने सीप विकास तालिम सम्पन्न**

**"सिप सिकौ, आत्म निर्भर बनौं "** भन्ने मूल उद्देश्यका साथ सरुमारानी गाउँपालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत होजियारी सम्बन्धी एक महिने सीप विकास तालिम २०८०।०१।२८ मा सरुमारानी गाउँपालिका वडा नं ४ मा सम्पन्न भयो । उक्त तालिम मिति २०७९।१२।२८ गते देखि मिति २०८०।०१।२८ गते सम्म संचालन गरिएको थियो । साथै उक्त तालिममा २ वटा लघु उद्यमी समूहहरुलाई हाते होजियारी मेशिन समेत प्रदान गरिएको छ ।





सरुमारानी गाउँपालिकाको आयोजनामा सरुमारानी गाउँपालिकाको वडा नं १,३ र ६ मा लैङ्गिक हिंसा र सामाजिक समावेशीकरण सम्बन्धी अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रशिक्षण प्यूठान जिल्ला महिला सहयोग मञ्चका अध्यक्ष श्री पार्वता आचार्य ले गर्नु भएको थियो ।







## सूचना तथा संचार प्रविधि सम्बन्धी तालिम संचालन

सरुमारानी गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका ICT focal शिक्षक तथा विद्यालयका प्र.अहरु लाई सूचना तथा संचार प्रविधि सम्बन्धी तालिम संचालन गरिएको थियो । शिक्षण सिकाइमा ICT लाई कसरी जोड्न सकिन्छ भन्ने विषयमा तालिम केन्द्रित रहेको थियो। तालिमको प्रशिक्षण विगत लामो समयदेखि शैक्षिक तालिम केन्द्र नेपालगन्जमा प्रशिक्षकका रूपमा कार्यरत होमराज खड्का र गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत शिवराज न्यौपानेले दिनु भएको थियो ।








## तरकारी सम्बन्धी तालिम सम्पन्न

सरुमारानी गाउँपालिका ,प्यूठानको आ.व.२०७९/०८० को किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत युवा लक्षित व्यवसायिक कृषि सम्बन्धी तालिम कार्यक्रम मार्फत सरुमारानी गाउँपालिका वडा नम्बर ४ मा कृषक सद्स्यहरुलाई २ दिने तरकारी खेती सम्बन्धि तालिम मिति २०८०/०२/११ गते देखि २०८०/०२/१२ गते सन्चालन गरीएको थियो ।






गणतन्त्र दिवसको कार्यक्रम

## गणतन्त्र दिवसमा दीप प्रज्वलन कार्यक्रम ।





गणतन्त्र दिवसको अवसरमा सरुमारानी गाउँपालिकाले कार्यालय परिसर तथा बङ्गाँडा क्षेत्रमा सरसफाई कार्यक्रम गरेको छ । गणतन्त्र दिवसको अवसरमा रचानात्मक कार्य गर्ने उदेश्यले कार्यालयले बङ्गाँडा बजार तथा कार्यालय परिसर क्षेत्रमा सरसफाई गरेको हो । गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूको अध्यक्षता , संविधान सभा सदस्य श्री धन बहादुर रायमाझी ज्यूको प्रमुख आतिथ्यता, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ,विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ,वडा अध्यक्ष , कार्यपालिका सदस्य ,लगायत सबै जनपंतिनिधिहरु कर्मचारी, संचार कर्मी तथा सरोकारवालाहरुको उपस्थितिमा उक्त कार्यक्रम संचालन गरिएको थियो ।







# नियमित कर्मचारी बैठक साथै उत्कृष्ट कर्मचारीहरुलाई सम्मान

सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको नियमित बैठक गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ। साथै त्रैमासिक (फाल्गुन,चैत्र र बैशाख महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यारत अमिन श्री पोमलाल पन्थी ,महिला तथा बालबालिका शाखामा कार्यरत सहायक पाँचौ श्री साधना सिंह ठकुरी र गाउँपालिका अन्तर्गत रहेको ढुङ्गेगढि स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व श्री विनोद कुमार खड्कालाई त्रैमासिक (फाल्गुन,चैत्र र बैशाख ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ ।







समृद्धिका लागि वन परियोजन अन्तर्गत वन,वातावरण तथा वन उद्यम सम्बन्धी निति नियमहरु सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सरुमारानी गाउँपालिकामा सम्पन्न भएको छ ।







## कृषकहरुलाई कृषि यन्त्र तथा उपकरण वितरण कार्यक्रम

सारुमारानी गाउँपालिका, बड्डाँडा प्यूठानको आ. व. २०७९/८० को प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ. व २०७८/०७९ मा स्थापना भएको अदुवा बेसार पकेट विकास कार्यक्रम अनुसार दह अदुवा बेसार पकेट क्षेत्रका कृषक सदस्यहरु लाई र किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत पकेट क्षेत्र प्रोत्साहान कार्यक्रम अन्तर्गत गुरासेनी सुन्तला उत्पादन पकेट क्षेत्र र रत्ने मसुरे गहुँबाली पकेट क्षेत्रका कृषक सदस्यहरु लाई मागमा आधारित कृषि यन्त्र तथा उपकरण वितरण कार्य सम्पन्न गरिएको छ ।






**विद्यालयका IEMIS श्रोत शिक्षकहरुलाई २ दिने IEMIS सम्बन्धी क्षमता विकास तालिम गाउँपालिकामा सम्पन्न भएको छ ।शिक्षकहरुको क्षमता विकास गर्ने उद्देश्यले यो तालिम आयोजना गरिएको हो ।**






## मध्यमकालिन खर्च संरचना निर्माण र दिगो विकासका लक्ष्यहरु सम्बन्धी अभिमुखिकण कार्यक्रम

सरुमारानी गाउँपालिकामा मध्यमकालिन खर्च संरचना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम मिति २०८०।०२।२३ गते देखि २४ गते सम्म भएको थियो । यस कार्यक्रमको प्रशिक्षण डा.उत्तम पौडेल ज्यूले गर्नु भएको थियो । स्थानीय तहको योजना तर्जुमा प्रकृया र दिगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी अभिमुखिकरण गोष्ठी समेत सरुमारानी गाउँपालिकामा सम्पन्न भएको छ ।















सारुमारानी गाउँपालिका प्यूठानको आ. व. २०७९/८० को संघीय शसर्त कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रम अनुसार खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी १ दिने सचेतना तालिम महिला स्वास्थ्य स्वयंसेबिका र शिक्षकको सहभागितामा कार्यक्रम सम्पन्न गरिएको छ ।






सरुमरानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा मिति २०८०।०२।२५ गते गाउँसभा संचालन सम्बन्धी एक दिने अभिमुखिकरण गोष्ठी सम्पन्न भएको छ उक्त कार्यक्रममा गाउँसभाका सबै सदस्यहरु र कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो गाउँसभा संचालनमा प्रभावकारीता ल्याउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा गाउँसभाका सबै सदस्यहरुको सहभागितामा नमुना अभ्यास,गाउँसभा अभ्यास समेत गरिएको थियो










# दोस्रो गाउँसभाको १३ औं अधिवेशन

"कृषि उत्पादनमा वृद्धि, सरुमारानी गाउँपालिकाको समृद्धि" भन्ने मूल नाराका साथ सरुमारानी गाउँपालिकाले निति तथा कार्यक्रम गाउँसभामा पेश गरेको छ ।२०८० असार ८,९ र १० गते बसेको गाउँसभाको बैठकमा ८ गते निति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो यसै गरी असार ९ गते प्रतिनिधि सभा सदस्य मा.सूर्य बहादुर थापाको विशेष आतिथ्यतामा आ.व ०८०।०८१ को बजेट पेश गरिएको थियो भने असार १० गते अन्तिम बैठक बसी गाउँसभाको बजेट अधिवेशन समापन गरिएको थियो ।गाउँपालिकाको उपाध्यक्ष श्री बसन्ता खड्काले प्रस्तुत गर्नु भएको आ.व ०८०।०८१ को कुल वार्षिक बजेट (४३ करोड ९३ लाख ५२ हजार ३ सय ७ रुपैया) गाउँसभाको बैठकले पारित गरेको छ । सरुमारानी गाउँपालिकाको आ.व ०८०।०८१ को लागि ४३ करोड ९३ लाख ५२ हजार ३ सय ७ रुपैया विनियोजन गरेको छ ।जस मध्ये आर्थिक विकास तर्फ ४ करोड १३ लाख ८० हजार, सामाजिक विकास तर्फ २२ करोड ९५ लाख ५० हजार,पूर्वाधार तर्फ ५ करोड ७६ लाख ,सुशान तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ १ करोड ८२ लाख ९९ हजार ३०७ र प्रशासनिक खर्च तर्फ ९ करोड २५ लाख २३ हजार रुपैया विनियोजन भएको छ ।









गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूले आ.व २०८०।०८१ को बजेट पेश गर्नु हुँदै



दोस्रो गाउँसभाको १३ औं अधिवेशनमा आ.व. २०७८।०७९ को ६० औं म.ले.प प्रतिवेदन अनुसार सरुमारानी गाउँपालिकाको शून्य वेरुजु कायम गर्न महत्त्वपूर्ण योगदान दिएका लेखा अधिकृत श्री टोप बहादुर शाहीलाई प्रशंसापत्र सहित सम्मान गरिएको छ ।






## पूर्ण खोप सुनुश्चितता पालिका घोषणा कार्यक्रम

सरूमारानी गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा एक समारोहका विच सम्पन्न गरिएको छ । उक्त घोषणा सभाको उद्घाटन प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला खोप समन्वय समितिका संयोजक श्री धरम बहादुर जि.सी. ले गर्नु भएको समारोहको अध्यक्षता गाउँपालिका अध्यक्ष एवं पालिका खोप समन्वय समितिका संयोजक श्री झग बहादुर विश्वकर्माले गर्नु भएको थियो । प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठकको स्वागत मन्तव्य, विशेष आतिथ्यता स्वास्थ्य कार्यालय प्यूठानका कार्यालय प्रमुख श्री हेमराज पाण्डे, पूर्णखोप सुनिश्चितता सम्बन्धमा कार्यपत्र प्रस्तुत स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझी, पालिका प्रवक्ता चिन्त बहादुर सोमै मगरको मन्तव्य सहित स्वास्थ्य शाखा नर्सिङ ईन्चार्ज इच्छा बुढाले उक्त कार्यक्रमको संचालन गर्नु भएको थियो ।







# २० औ राष्ट्रिय धान दिवश कार्यक्रम



सरूमारानी गाउँपालीकाको आयोजनामा २०औं राष्ट्रिय धान दिवश कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्काको अध्यक्षतामा, संविधान सभा सदस्य श्री धन बहादुर रायमाझी को प्रमुख आतिथ्यतामा,गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठकको विशिष्ट आतिथ्यतामा, जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीयहरूको उपस्थितिमा २०औं राष्ट्रिय धान दिवश कार्यक्रम कृषि तथा पशु पन्छी विकास श्रोत केन्द्र सरूमारानी २ तल्लो ढाणमा सम्पन्न भएको हो ।



मिति २०८०-०३-१९ गते देखि सरूमारानी गाउँपालिकाको आयोजनामा संचालन भएको **"गाउँपालिका स्तरिय नमुना यूवा संसद सम्बन्धि अभ्यास कार्यक्रम** " मिति २०८० असार २१ गते सम्पन्न भएको थियो। गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा, प्रतिनिधि सभाका सदस्य माननीय सुर्य थापा ज्युको प्रमुख आतिथ्यतामा , लुम्बिनी प्रदेश सभा सदस्य माननीय निमा गिरि र माननीय धनलक्ष्मि श्रेष्ठको बिशेष आतिथ्यतामा,गा.पा उपाध्यक्ष, वडा अध्यक्ष ,कार्यपालिका सदस्य र वडा सदस्यहरूको उपस्थितिमा ६ वटै वडाका ३६ जना युवाहरूको सहभागीतामा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री देविराम पाठकको स्वागतमा शुरु भएको उक्त कार्यक्रम मिति २०८०-०३-२१ गते गाउँपालिकाका आदरणीय अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा, लुम्बिनी प्रदेश सभा सदस्य माननीय तुल्सीराम शर्माको प्रमुख आतिथ्यतामा,गा.पा उपाध्यक्ष श्री बसन्ता खडका, सहजकर्ता श्री श्याम काजी खत्री,वडा अध्यक्षहरू र वडा सदस्यहरू ,युवा तथा खेलकुद विकास समिति संयोजक ,गा.पा स्तरिय युवा संजालका अध्यक्षको आतिथ्यतामा, विभिन्न वडा बाट सहभागी युवाहरूको सहभागितामा उक्त कार्यक्रम संमापन भएको थियो,साथै सहभागी युवाहरूले नमुना गाउँ सभा संचालन सम्बन्धि प्रदर्शनी समेत गरेका थिए ।यस कार्यक्रमको प्रशिक्षण श्री श्याम काजी खत्री ज्यूले गर्नु भएको थियो ।




सरुमारानी गाउँपालिका
गाउँ सभाको सचिवालय



# नियमित कर्मचारी बैठकमा उत्कृष्ट कर्मचारीलाई सम्मान

सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी,वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले आ.व २०७९-०८० को समिक्षा लगायत विषयमा छलफल संगै सेवा प्रवाहलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा आफ्नो भनाइ तथा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

साथै (जेष्ठ र असार महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाही ,प्राविधिक शाखामा कार्यरत सब ईन्जिनियर श्री अनुप के.सी र गाउँपालिका अन्तर्गत रहेको वडा नं २ कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री टंक प्रासद अर्याललाई (जेष्ठ र असार ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ ।










प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान ।


facebook: https://www.facebook.com/SarumaraniGapa

website:sarumaranimun.gov.np

email:sarumarani2073@gmail.com

phone no:9857836022